# पैयूँ गाउँपालिकाको विनियोजन ऐन, २०७६

## पैयूँ गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः- २०७५।०३।१०

**प्रस्तावनाः** पैयूँ गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पैयूँ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम “पैयूँ गाउँपालिकाको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकमसमेत गरी जम्मा रकम रु.३४,२४,१९,२१८ ( अक्षरेपी चौतिस करोड चौबिस लाख उन्नाइस हजार दुई सय अठार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ का निमित्त पैयूँ गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १
(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २९९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. | पुँजीगत खर्च रु. | वित्तीय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका | २२०२२२०००। | ७३४०१२१८। | ०। | २९३६२३२१८। |
| २ | | वडा समिति | ४८३००००। | २३१७००००। | ०। | २८००००००। |
| ३ | | विषयगत शाखा | ७९५६०००। | १२८४००००। | ०। | २०७९६०००। |
| ४ | | ऋणको साँवाव्याज भुक्तानी | ०। | ०। | ०। | ०। |
| ५ | | लगानी ( शेयर/ऋण) | ०। | ०। | ०। | ०। |
| | | जम्मा | २३,३०,०८,०००। | १०,९४,११,२१८। | ० | ३४,२४,१९,२१८। |